मितिः २०८२।११।२८

ने.सं.११४६ चिल्लागा ९ बिहीबार

# बुढानीलकण्ठ नगरपालिकाको ८१ औं कार्यपालिका बैठकको निर्णयहरु

१. यस बुढानीलकण्ठ नगरपालिकाको संवत् २०८२ साल माघ २१ गते सम्पन्न भएको ८० औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो।

२. यस बुढानीलकण्ठ नगरपालिकाको चालु आ.व.२०८२/८३ को पुँजीगत आयोजनाहरुको हालसम्मको प्रगति समीक्षा गरियो।

३. विविध विषयहरुका सम्बन्धमा देहाय बमोजिम गर्ने।

३.१ मेलम्ची खानेपानी लाईन विस्तारका क्रममा भत्किएका सडक निर्माण तथा मर्मत गर्नुपर्ने भएकोले उक्त सडकहरुको विवरण उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयहरुलाई निर्देशन दिने, उक्त सडकहरु निर्माण तथा मर्मत कार्य गर्न/गराउन मेलम्ची खानेपानी विकास समितिलाई अनुरोध गर्ने।

३.२ आगामी आ.व.२०८३/८४ को लागि नेपाल सरकार र बागमती प्रदेश सरकारसँग माग गर्नुपर्ने आयोजनाहरुको विवरण (ल.ई. सहित) उपलब्ध गराउन सबै वडा कार्यालयहरुलाई निर्देशन दिने।

३.३ आर्थिक सहयोग सम्बन्धमा वडा कार्यालयहरुबाट सिफारिस गर्दा सम्बन्धित लाभग्राही व्यक्तिको मतदाता परिचयपत्रको प्रतिलिपि संलग्न गरेर मात्र सिफारिस कार्य गर्न/गराउन सबै वडा कार्यालयहरुलाई निर्देशन दिने।

३.४ चालु आ.व.२०८२/८३ को लागि नगरसभा र नगर कार्यपालिका बैठकबाट स्वीकृत आयोजनाहरुको आयोजना सम्झौता चैत मसान्तभित्र सम्पन्न गरी संवत् २०८३ जेठ १५ गतेभित्र कार्यसम्पन्न गर्ने। साथै, चालु आ.व.२०८२/८३ भित्र सम्पन्न गर्ने गरी स्वीकृत आयोजनाहरुको आगामी आ.व.२०८३/८४ को लागि अल्या नगर्ने।

३.५ वडा नं.३ स्थित रुद्रेश्वर सिला मार्गमा LT Line Shifting गर्न नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.६९ प्राधिकरणसँग सहकार्यमा पोल स्थानान्तरण शीर्षकबाट भुक्तानी हुने गरी कुल ल.ई.को २५ प्रतिशत रु.४७,९०२/- स्वीकृत गर्ने।

३.६ वडा नं.८ स्थित सृजनशील टोलको मुल सडकबाट नयाँ स्कूल जाने बाटोमा अव्यवस्थित रुपमा रहेका विद्युतीय पोलहरुलाई सडक किनारमा व्यवस्थापन गर्न नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.६९ प्राधिकरणसँग सहकार्यमा पोल स्थानान्तरण शीर्षकबाट भुक्तानी हुने गरी कुल ल.ई.को २५ प्रतिशत रु.१,१८,२४६/- स्वीकृत गर्ने।

३.७ नगरपालिका र उपभोक्ता समितिको ५०/५० प्रतिशत सहलगानीमा सञ्चालन हुने गरी वडा नं.१३ स्थित कुमारीस्थान रिङ्गरोड विकास समाज टोलको भित्री बाटोहरुमा ढल तथा ग्रावेल गर्न नगरस्तरीय पूँजीगत खर्चतर्फको सि.नं.१४ को आन्तरिक सह-लगानीबाट व्यहोर्ने गरी रु.१ लाख ७९ हजार स्वीकृत गर्ने।



सिताराम अधिकारी
नगर प्रमुख

३.८ वडा नं.२ स्थित बाल उद्धधान पार्क कामिटार सार्वजनिक जग्गा संरक्षण गर्न नगरस्तरीय वार्षिक योजनाको पूँजीगततर्फको सि.नं.१० सार्वजनिक जग्गा संरक्षण शीर्षकबाट भुक्तानी हुने गरी रु.७ लाख स्वीकृत गर्ने।

३.९ वडा नं.२ स्थित बि.एम.सी. स्कुल पछाडी खोलामा क्रस वाल निर्माण गर्न विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु.१५ लाख स्वीकृत गर्ने।

३.१० वडा नं.४ स्थित मयलबोट चौतारा हुँदै थापा गाउँ पासिकोट जाने मुल बाटो ढलान गर्न रु.२० लाख स्वीकृत गर्ने।

३.११ वडा नं.७ स्थित गणेश मन्दिर निर्माण कार्य गर्न अपुग रकम नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.४२ अत्यावश्यक योजना तथा कार्यक्रम सञ्चालन शीर्षकबाट भुक्तानी हुने गरी रु.३ लाख ६५ हजार स्वीकृत गर्ने।

३.१२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत चालु तर्फ सि.नं.१८, आ.व.२०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता शीर्षकमा विनियोजित रु.६ लाखबाट नगर कृषि विकास शाखाको सिफारिस बमोजिम श्री सृजनशील कृषक समूह वडा नं.६ र श्री संघर्षशील कृषि उद्यमी महिला समूह वडा नं.१३ लाई रु.३ लाखका दरले उपलब्ध गराउने।

३.१३ नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ जनसंख्या तथा सामाजिक समावेशीकरण अन्तर्गत सि.नं.२६, सहयोगापेक्षी सडक मानवमुक्त बुढानीलकण्ठ अभियान निरन्तरता शीर्षकबाट जनसंख्या तथा सामाजिक समावेशीकरण महाशाखाको प्रस्ताव बमोजिम खाद्य संस्थान/नेशनल ट्रेडिङबाट खाद्यान्न खरिद गरी मानव सेवा आश्रम संस्थालाई उपलब्ध गराउने।

३.१४ Simric Air लाई CLASSIC VIEW RESORT LTD. को मातहतमा रहेको Royal Tulip Resort, Shivapuri बाट नियमानुसार Helicopter उडान गराउन सिफारिस दिने। साथै, उक्त सिफारिस दस्तुर रु.१० हजार स्वीकृत गर्ने।

३.१५ यस बुढानीलकण्ठ नगरपालिकाको नाममा दर्ता श्रेस्ता कायम रहेको वडा नं.४ स्थित कि.नं.१३० को क्षेत्रफल १४१.५६ वर्ग मिटर जग्गामा श्रीराम आधारभूत विद्यालय सञ्चालन गर्न दिने।

३.१६ स्थानीय शासन कार्यसम्पादन (व्यवस्थापन तथा सञ्चालन) मूल्याङ्कन कार्यविधि, २०८२ को अनुसूची १ को संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधारमा तपसिल बमोजिमका विषयहरु स्वीकृत गर्ने।

| कार्यविधि बुँदा | विषय |
|---|---|
| १.५.१ (ख) | यस नगरपालिकामा विगतका आर्थिक वर्षहरुदेखि हालसम्म करका दरहरु निर्धारण गर्दा प्रचलित कानूनले निर्दिष्ट गरेभन्दा (क्षेत्राधिकार) बाहिर गएर कुनै पनि विषय वा शीर्षकमा करारोपण नगरिएको। |

| | |
|---|---|
| ३.२.१ (ख) | यस नगरपालिकाभित्रका कुनै पनि वस्ती/टोल/घरपरिवार खाद्य सुरक्षाबाट बञ्चित नरहेको। |

३.१७ श्रमडेस्क सहजकर्ता कविता पुरीको (म्याद सकिएको मितिबाट लागू हुने गरी) तीन महिनाको लागि म्याद थप गर्ने।

४. नगरसभाको १७ औं अधिवेशनको निर्णय नं.३, अनुसूची-३ को पुँजीगत तर्फ क्र.सं.१३, वडा नं.६ को आयोजनाहरु व्यवस्थापन शीर्षकबाट खर्च गर्ने गरीं ६ नं. वडा कार्यालयको सिफारिसको आधारमा देहाय बमोजिमको आयोजना स्वीकृत गर्ने।

| क्र.सं. | आयोजनाको विवरण | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|
| १. | विष्णुमती ढल निकास | रु.६ लाख | |
| २. | सेराफाट पार्क निर्माण | रु.६ लाख | |
| ३. | धरमपुर लिङ्गो गाड्ने ठाउँ सहित कृष्ण मन्दिर निर्माण | रु.६ लाख | |
| ४. | च्यासिन्डोल कवर्ड हल दक्षिणतर्फ बाटो स्तरोन्नती | रु.६ लाख | |
| ५. | शेराफाट अनुप मार्ग बाटो स्तरोन्नती | रु.५ लाख | |
| ६. | ओखलगाउँ नर्सरी भित्री बाटो निर्माण | रु.५ लाख | |
| ७. | च्यासुन्डोल प्राईम मार्ग बाटो स्तरोन्नती | रु.६ लाख | |
| | जम्मा | रु.४० लाख | |

५. नगरसभाको १७ औं अधिवेशनको निर्णय नं.३, अनुसूची-३ को पुँजीगत तर्फ क्र.सं.१२, वडा नं.१३ को आयोजनाहरु व्यवस्थापन शीर्षकबाट खर्च गर्ने गरी १३ नं. वडा कार्यालयको सिफारिसको आधारमा देहाय बमोजिमको आयोजना स्वीकृत गर्ने।

| क्र.सं. | आयोजनाको विवरण | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|
| १. | जगडोल मार्ग | रु.१० लाख | |
| २. | गाम्चा नयाँवस्ती मार्ग | रु.८ लाख | |
| ३. | चुनीखेल जगडोल मार्ग | रु.२० लाख | |
| ४. | पुखुचा कौडेल सडक | रु.१० लाख | |
| ५. | नयाँ बस्ती कुमारी टोल मार्ग | रु.१० लाख | |
| ६. | मा. टुसाल केव मार्ग | रु.५ लाख | |
| ७. | सापाटार कोढ मार्ग | रु.५ लाख | |
| ८. | गाम्चा भद्रकाली द्यः छे छानो | रु.२ लाख | |
| | जम्मा | रु.७० लाख | |

६. देहायका आयोजना/कार्यक्रम/निर्णयहरु तपसिल बमोजिम संशोधन तथा एकीकृत (मर्ज) गर्ने।

| क्र.सं. | वडा नं. | साविक आयोजनाको विवरण | संशोधित आयोजना विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | ४ | वडास्तरीय पूँजीगततर्फ सि.नं.३२, सानातिना मर्मत सम्भार, रु.१० लाख | बु.न.पा. चपलीस्थित वडा नं.३ र ४ को सिमानामा पर्ने बाटो ढलान गर्न, रु.३ लाख | |
| २. | ५ | वडास्तरीय पूँजीगततर्फ सि.नं.२८, नाम्खा गुम्वा जाने सडक वाल तथा प्रतिक्षालय निर्माण, रु.५ लाख | नाम्खा गुम्वा जाने सडक वाल, प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण, रु.५ लाख | |
| ३. | ७ | वडास्तरीय पूँजीगततर्फ सि.नं.८, शान्तिबाटिकामा खानेपानी ट्याङ्की स्तरोन्नती, रु.७ लाख | शान्तिबाटिका खानेपानी पाइप लाईन, फिल्टर प्लान्ट विस्तार तथा सार्वजनिक जग्गा संरक्षण, रु.७ लाख | |
| ४. | ७ | वडास्तरीय पूँजीगततर्फ सि.नं.१, गणेश चोक बासुकी मार्गमा सडक स्तरोउन्नती, रु.१० लाख | तल्लो खत्रीगाउँ देखि हेपाली जाने ओरालो बाटो स्तरोउन्नती, रु.७ लाख ५० हजार | |
| | | | सानातिना मर्मत सम्भार, रु.२ लाख ५० हजार | |
| ५. | ८ | वडास्तरीय पूँजीगततर्फ सि.नं.९, वडाभित्रका सडक स्तरोन्नती, रु.४० लाखमध्येबाट | भंगाल हाईट भित्री सडकमा बाटो ढलान, रु.९ लाख | |
| | | | गोल्फुटार हाइट सडक ढलान, रु.१० लाख | |
| ६. | ९ | वडास्तरीय योजनाको पूँजीगत तर्फको सि.नं.९, सुर्योदय वस्ती सडक व्यवस्थापन तथा रेलिङ निर्माण शीर्षकमा विनियोजित रु.३ लाख र सि.नं.८, सृजनावस्ती कुवा मर्मत तथा व्यवस्थापन/सडक निर्माण शीर्षकमा विनियोजित रु.७ लाख | दुवै आयोजना कार्यक्रम (मर्ज) गरी सृजना वस्ती कुवा मर्मत तथा व्यवस्थापन शीर्षकमा रु.१० लाख कायम गर्ने। | |
| ७. | ९ | वडास्तरीय योजनाको पूँजीगत तर्फको सि.नं.२, आदर्शनगर ढल तथा सडक स्तरउन्नती शीर्षकमा विनियोजित रु.९ लाख र सि.नं.१६, वरफेदी पार्कमा टावर, प्रतिमा निर्माण शितल घर निर्माण शीर्षकमा विनियोजित रु.३० लाख मध्येबाट रु.४ लाख | आदर्शनगर ढल तथा सडक स्तरउन्नती शीर्षकमा रु.१३ लाख कायम गर्ने। | वरफेदी पार्कमा टावर, प्रतिमा निर्माण शितल घर निर्माण शीर्षकमा रु.२६ लाख कायम |

| | | | | |
|---|---|---|---|---|
| ८. | १२ | वडास्तरीय योजनाको पूँजीगत तर्फको सि.नं.१, वडाका विभिन्न स्थानमा सांस्कृतिक संरक्षण मन्दिर जेष्ठ नागरिक भवन व्युटिफिकेसनको काम, रु.२५ लाख | बालकुमारी मन्दिरको कृयापुत्री भवनमा डाची ईंट्टा बुटा बनाउने तथा विभिन्न मर्मत कार्य, रु.९ लाख | साविक आयोजनामा रु.१६ लाख कायम |
| ९. | १२ | वडास्तरीय चालुतर्फ सि.नं.२६, बु.न.पा.१२ को गल्लीको नामावली तथा पारिवारिक लागत सङ्कलन, रु.१० लाख मध्येबाट | वडास्तरीय चालुतर्फ सि.नं.२५, विविध कार्यक्रम खर्च शीर्षकमा रु.५ लख थप गरी रु.८ लाख ७५ हजार कायम गर्ने। | |
| १० | १३ | वडास्तरीय चालुतर्फ सि.नं.८, ज्येष्ठ नागरिक दिवा कार्यक्रम शीर्षकमा स्वीकृत रु.३ लाखमध्येबाट रु.२ लाख ५० हजार र सि.नं.९ जेष्ठ नागरिक भ्रमण कार्यकम शीर्षकमा विनियोजित रु.५ लाख। | दुवै आयोजना कार्यक्रम (मर्ज) गरी जेष्ठ नागरिक सम्मान कार्यक्रम शीर्षकमा रु.७ लाख ५० हजार कायम गर्ने। | |

७. आर्थिक सहयोग माग सम्बन्धमा देहाय बमोजिम गर्ने।

| क्र.सं. | माग गर्ने संस्था/निकाय/व्यक्ति | विषय/प्रयोजन | माग रकम | भुक्तानी शीर्षक (नगरस्तरीय वार्षिक योजनाको) |
|---|---|---|---|---|
| १. | BHADRAPUR JAYCEES, Bhadrapur, Jhapa | काठमाडौं जिल्लास्तरीय विज्ञान महोत्सव-२०२६ लागि वित्तीय सहयोग। | रु.१५ हजार | चालुतर्फ सि.नं.४३ अन्य सहायता |
| २. | फोनिक्स मार्शल आर्ट्स तेक्वान्दो डोजाङ | फोनिक्स मार्सल आर्ट काठमाडौं जिल्ला स्तरीय तेक्वान्दो प्रतियोगिता-२०८२ को लागि आर्थिक सहयोग। | रु.१ लाख ५० हजार | शिक्षा तर्फ (सि.नं.४१ नगरपालिका स्तरमा खेलकुद ..... .. क्लबहरुसँग साझेदारी) |
| ३. | बु.न.पा. बास्केटबल क्लव | निःशुल्क ३० दिने बास्केटबल प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न बजेट माग। | रु.२ लाख | शिक्षा तर्फ (सि.न.४१ नगरपालिका स्तरमा खेलकुद ..... .. क्लबहरुसँग साझेदारी) |
| ४. | शुकदेव उपाध्याय, बु.न.पा.-१० | पुस्तक प्रकाशन गर्न आर्थिक सहयोग। | रु.५ हजार | चालुतर्फ सि.नं.४३ अन्य सहायता |
| ५. | जमुना गरी, वडा नं.१ | दमको रोग र नसा सम्बन्धी समस्या भई मनमोहन मेमोरियल | रु.२० हजार | चालुतर्फ सि.नं.४३ अन्य सहायता |

| | | | | |
|---|---|---|---|---|
| | | टिचिङ हस्पिटलमा ICU मा उपचार गराईरहेकोले उपचारको लागि आर्थिक सहयोग। | | |
| ६. | HANDLOOM FABRICS MAKERS OF NEPAL, Baluwatar | NATIONAL SILK CONFERENCE NEPAL 2026 कार्यक्रमको आर्थिक सहयोग। | रु.२५ हजार | चालुतर्फ सि.नं.४३ अन्य सहायता |
| ७. | १ नं. वडा कार्यालयको सिफारिस | वडा नं.१ निवासी सुरेन्द्र लामाको क्यान्सर रोगका कारण अल्पायु मै निधन भएको हुँदा काज किरिया खर्चको लागि वडा कार्यालयको सिफारिसका आधारमा नगर प्रमुखको तोक आदेश बमोजिम स्वीकृत रकम अनुमोदन। | रु.५० हजार | चालुतर्फ सि.नं.४३ अन्य सहायता |

मिठाराम अधिकारी
नगर प्रमुख